## दोस्रो कार्यकालको दोस्रो नगर सभाको, छैटौं अधिवेशन बैठक

बैठक संख्याः- १

आज मिति २०८१ साल माघ १७ गते बिहिबारका दिन बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशन बैठक नगर प्रमुख श्री पवित्रा देबी महतारा प्रसाईज्यूको अध्यक्षता तथा प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा देहायका नगर सभासदस्यहरको उपस्थितिमा नगरपालिकाको सभाहलमा सु-सम्पन्न गरियो ।

**उपस्थिति**

सभाअध्यक्ष, नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाई

प्रमुख अतिथि, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री देवराज घिमिरे

विशेष अतिथि, कोशी प्रदेशका माननीय मन्त्री श्री एकराज कार्की

विशेष अतिथि, कोशी प्रदेशका सांसद माननीय श्री गोपाल वि.क.

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३ | नगर उप–प्रमुख श्री नगेन्द्र प्रसाद संग्रौला | सभासदस्य | |
| ४ | १ नं. वडा अध्यक्ष श्री अग्नी प्रसाद पाण्डे | सभासदस्य | |
| ५ | २ नं. वडा अध्यक्ष श्री किशोर कुमार पौडेल | सभासदस्य | |
| ६ | ३ नं. वडा अध्यक्ष श्री मदन बुढाथोकी | सभासदस्य | |
| ७ | ४ नं.वडा अध्यक्ष श्री राहुल कुमार शर्मा | सभासदस्य | |
| ८ | ५ नं. वडा अध्यक्ष श्री रोहित प्रसाई | सभासदस्य | |
| ९ | ६ नं. वडा अध्यक्ष श्री सुर्य प्रसाद कन्दङ्गवा | सभासदस्य | |
| १० | ७ नं. वडा अध्यक्ष श्री कृष्ण प्रसाद खरेल | सभासदस्य | |
| ११ | ८ नं. वडा अध्यक्ष श्री अजय कार्की | सभासदस्य | |
| १२ | ९ नं. वडा अध्यक्ष श्री हरि प्रसाद चौलागाई | सभासदस्य | |
| १३ | १० नं. वडा अध्यक्ष श्री दुर्योधन गुरुङ्ग | सभासदस्य | |
| १४ | कार्यपालिका सदस्य श्री यमुना देवी आचार्य | सभासदस्य | |
| १५ | कार्यपालिका सदस्य श्री तिला गौतम | सभासदस्य | |
| १६ | कार्यपालिका सदस्य श्री निर्मला देवी सुनार | सभासदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १७ | कार्यपालिका सदस्य श्री लक्षिमा खतिवडा | सभासदस्य | |
| १८ | कार्यपालिका सदस्य श्री संगिता सिवा | सभासदस्य | |
| १९ | कार्यपालिका सदस्य श्री जगतबन्धु राजबंशी | सभासदस्य | |
| २० | कार्यपालिका सदस्य श्री सिता ढुङ्गाना बि.क. | सभासदस्य | |
| २१ | कार्यपालिका सदस्य श्री शर्मिला राजवंशी | सभासदस्य | |
| २२ | दलित महिला सदस्य श्री कमला महरा दर्जी | सभासदस्य | |
| २३ | वडा सदस्य श्री योगचन्द्र आङ्वुहाङ्ग | सभासदस्य | |
| २४ | वडा सदस्य श्री टेक बहादुर अधिकारी | सभासदस्य | |
| २५ | दलित महिला सदस्य श्री सर्मिला तिखत्री | सभासदस्य | |
| २६ | वडा सदस्य श्री चेतन विमली | सभासदस्य | |
| २७ | वडा सदस्य श्री ओमनाथ गौतम | सभासदस्य | |
| २८ | महिला सदस्य श्री धन्सरी राजवंसी | सभासदस्य | |
| २९ | दलित महिला सदस्य श्री लक्ष्मि रोक्का सार्की | सभासदस्य | |
| ३० | वडा सदस्य श्री भागीमान लिम्बु | सभासदस्य | |
| ३१ | वडा सदस्य श्री हरि प्रसाद बास्कोटा | सभासदस्य | |
| ३२ | महिला सदस्य श्री रमादेवी राजवंशी | सभासदस्य | |
| ३३ | वडा सदस्य श्री उमेश राउत | सभासदस्य | |
| ३४ | वडा सदस्य श्री केशव कुमार श्रेष्ठ | सभासदस्य | |
| ३५ | महिला सदस्य श्री शान्ता रोकाक्षत्री | सभासदस्य | |
| ३६ | दलित महिला सदस्य श्री मालती विश्वकर्मा | सभासदस्य | |
| ३७ | वडा सदस्य श्री दुर्गा प्रसाद शिवाकोटी | सभासदस्य | |
| ३८ | वडा सदस्य श्री ओमभक्त सेडाई | सभासदस्य | |
| ३९ | महिला सदस्य श्री गीता शर्मा (रेग्मी) | सभासदस्य | |
| ४० | दलित महिला सदस्य श्री सोभा विश्वकर्मा | सभासदस्य | |
| ४१ | वडा सदस्य श्री जिवन वास्कोटा | सभासदस्य | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| ४२ | वडा सदस्य श्री खेमनाथ अधिकारी | सभासदस्य | |
| ४३ | महिला सदस्य श्री मन कुमारी लिम्बु | सभासदस्य | |
| ४४ | दलित महिला सदस्य श्री हिमलता विश्वकर्मा | सभासदस्य | |
| ४५ | वडा सदस्य श्री खडानन्द निरौंला | सभासदस्य | |
| ४६ | महिला सदस्य श्री इन्दिरा पाण्डे | सभासदस्य | |
| ४७ | दलित महिला सदस्य श्री लक्ष्मी नेपाली | सभासदस्य | |
| ४८ | वडा सदस्य श्री सोयालाल राजबंशी | सभासदस्य | |
| ४९ | वडा सदस्य श्री अग्नी प्रसाद सिटौला | सभासदस्य | |
| ५० | महिला सदस्य श्री सल्पना राजबंशी | सभासदस्य | |
| ५१ | वडा सदस्य श्री केशव बुढाथोकी | सभासदस्य | |
| ५२ | वडा सदस्य श्री चन्द्र प्रसाद दंगाल | सभासदस्य | |
| ५३ | महिला सदस्य श्री धन माया श्रेष्ठ | सभासदस्य | |
| ५४ | दलित महिला सदस्य श्री दिपिका सिवा | सभासदस्य | |
| ५५ | वडा सदस्य श्री पश्चधन राई | सभासदस्य | |
| ५६ | वडा सदस्य श्री प्रिथी वहादुर वस्नेत | सभासदस्य | |
| ५७ | प्रमुख प्रशासकीय अधिकृत श्री मिलन भट्टराई | सचिव | |

CamScanner

आज मिति २०८१ माघ १७ गते बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशन बैठक कार्यसूची अनुसारका देहायका क्रियाकलापहरु गरी सम्पन्न गरियो।

**देहाय**

- नगर सभाध्यज्यूको आगमन र अध्यक्षता ग्रहण, प्रमुख अतिथी प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू, बिशेष अतिथी कोशी प्रदेशका माननीय मन्त्री श्री एकराज कार्की, कोशी प्रदेशका सासंद माननीय श्री गोपाल बि.क. को उपस्थिती तथा आसनग्रहण।
- नगर सभाका सभाध्यक्षले दोस्रो नगर सभाको छेटौं अधिवेशन बैठकको प्रारम्भ भएको घोषणा तथा नगर सभाको अधिवेशनमा उपस्थित प्रमुख अतिथी, बिशेष अतिथी तथा सभा सदस्यहरुलाई स्वागत गर्नुभयो।
- नगर उप-प्रमुखज्यूबाट आ.ब. ०८१/०८२ को अर्धवार्षिक समिक्षा तथा अधिवेशनमा देहायका प्रस्ताव टेवल गर्नुभयो।

१. आ.ब ०८१/८२ का लागि अनुसूचीमा उल्लेखित स्वीकृत योजना तथा कार्यक्रममा केही संशोधन, रकमान्तर तथा बिभिन्न शीर्षकमा बिनियोजित रहेको एकमुष्ठ रकमलाई बिभिन्न योजना तथा कार्यक्रमका लागि बिनियोजित गर्ने प्रस्तावहरु।

२. बिभिन्न मितिमा कार्यपालिका तथा नगर प्रमुखबाट निर्णय भई कार्यान्वयन भएका अनुसूचीमा उल्लेखित योजना तथा कार्यक्रम अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव।

३. स्वीकृत बजेट अनुसार मर्मत संभार कोष,फोहोमैला व्यवस्थापन तटबन्धन तारजाली खरिद र ह्युमपाइप खरिद, नगरको मुख्य मुख्य स्थानमा सि सि क्यामेरा जडान तथा मर्मत, उज्यालो नगर कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा सडक बत्ती/ सोलार मर्मतमा बिनियोजित बजेट, पत्रपत्रिका,. छपाई तथा सूचना प्रकाशन खर्च, लोक कल्याणकारी सूचना सन्देश र विज्ञापन र सचेतना कार्यक्रम शीर्षकमा बिनियोजित बजेट, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता लक्षित वर्गमा बिनियोजित बजेट, बिपद् व्यवस्थापन कोषमा बिनियोजित बजेट तथा परामर्श सेवा शीर्षकमा बिनियोजित बजेट तथा रिभल्विङ्ग फण्डबाट बाट सञ्चालन गरिने अनुसूचीमा उल्लेखित योजना तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव।

- विधेयक समिति संयोजकले देहायका प्रस्ताव टेवल गर्नुभयो।

१. आर्थिक ऐन २०८१ लाई प्रथम पटक संशोधन गर्न बनेको विधेयक २०८१

२. बिनियोजन ऐन २०८१ लाई प्रथम पटक संशोधन गर्न बनेको विधेयक २०८१

- अर्थ तथा सार्वजनिक लेखा समिति संयोजकले देहायका प्रस्ताव टेवल गर्नुभयो।

१. महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेखित बेरुजुलाई नियमित गर्ने सम्बन्धमा।

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

➢ सभाध्यक्षबाट बिशेष प्रस्ताव पेश गर्नुभयो।

१. नगरपालिका क्षेत्रभित्र विगतमा पेवर्स जडान गरी निर्माण गरिएका १०० मिटर भन्दा कमका अधुरा सडकहरुलाई सम्बन्धित वडाको आगामी वर्षको सिलिङबाट पचास प्रतिशत र नगरपालिकाबाट पचास प्रतिशत लागत व्यहोर्ने गरी पेवर्स बिछ्याई निर्माण सम्पन्न गर्ने सम्बन्धी प्रस्ताव।

➢ सभाध्यक्षज्यूबाट पेश भएका प्रस्तावहरु माथि छलफल आरम्भका सदस्यहरुलाई नाम टिपाउन आह्वान गर्नुभयो।

➢ सदस्यज्यूहरुबाट छलफलमा उठेका विषयहरुको जवाफ नगर प्रमुखज्यूबाट सम्बोधन गरियो।

➢ उल्लेखित प्रस्तावहरु माथि छलफल भई देहाय बमोजिम निर्णय गरियो।

**निर्णय नं. १-** चालु आ.ब.०८१-८२ का लागि स्वीकृत बजेट, योजना तथा कार्यक्रममा देहायका केही संशोधन, रकमान्तर तथा बिभिन्न शीर्षकमा बिनियोजित रहेको एकमुष्ठ रकमलाई बिभिन्न योजना तथा कार्यक्रमका लागि बिनियोजित गरी स्वीकृत गर्ने निर्णय गरियो।

क) चालु आ.ब.०८१/०८२ मा स्वीकृत भएका **अनुसूची १** को (क) मा उल्लेखित बजेट योजना तथा कार्यक्रममा संशोधन तथा रकमान्तर गर्ने।

ख) बिभिन्न मितिमा कार्यपालिका तथा नगर प्रमुखबाट निर्णय भई कार्यान्वयन भएका **अनुसूची २** मा उल्लेखित बजेट योजना तथा कार्यक्रम अनुमोदन गर्ने।

ग) चालु आ.ब.०८१/०८२ मा स्वीकृत बजेट अनुसार **अनुसूची ३-(क)** -मर्मत संभार कोषफोहोमैला व्यवस्थापन तटबन्धन तारजाली खरिद र ह्युमपाइप खरिद, नगरको मुख्य मुख्य स्थानमा सि सि क्यामेरा जडान तथा मर्मत, उज्यालो नगर कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा सडक बत्ती/ सोलार मर्मतमा बिनियोजित बजेट, **अनुसूची ३-(ख)** -पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च, लोक कल्याणकारी सूचना सन्देश र विज्ञापन र सचेतना कार्यक्रम शीर्षकमा बिनियोजित बजेट , **अनुसूची ३-(ग)**-महिला, बालबालिका ज्येष्ठ नागरिक, अपाङ्गता लक्षित वर्गमा बिनियोजित बजेट, तथा **अनुसूची ३-(घ)**-रिभल्विङ्ग फण्डबाट सञ्चालन गरिने उल्लेखित योजना तथा कार्यक्रम स्वीकृत गर्ने।

**निर्णय नं. २-** यस नगरपालिकाको विधयेक समितिले पारित गरि कार्यपालिकाको बैठकबाट अधिवेशन समक्ष पेश भएका देहाय बमोजिमका विद्ययेकहरुलाई सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

CamScanner

क. आर्थिक ऐन २०८१ लाई प्रथम पटक संशोधन गर्न बनेको विद्येयक २०८१

ख. बिनियोजन ऐन २०८१ लाई प्रथम पटक संशोधन गर्न बनेको विद्येयक २०८१

**निर्णय नं. ३-** अर्थ तथा सार्वजनिक लेखा समितिले नगरसभाको अधिवेशनमा पेश गरेको प्रतिवेदन अनुसार महालेखा परीक्षकको कार्यालयबाट बिभिन्न आ.ब. को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामान्य प्रक्रिया नमिलेका रित नपुगेका तथा सरकारी हानी नोक्सानी समेत नभएको नियमित गर्नुपर्ने देहायका बेरुजुलाई बेरुजु रकम नियमित गर्न महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

**देहाय**

| आ.ब. | रकम अंकमा | रकम अक्षरमा |
|---|---|---|
| ०७४/०७५ | ९०६७०९३।०० | नब्बे लाख सत्सठ्ठी हजार त्रियानब्बे |
| ०७५/०७६ | ४४७८६५।०० | चार लाख सड्चालिस हजार आठ सय पैसठ्ठी |
| ०७६/०७७ | ७२५०५१६।०० | बहत्तर  लाख पचास हजार पाँच सय सोह |
| ०७७/०७८ | २०४६१८३९।०० | दुई करोड चार लाख एकसठ्ठी हजार आठ सय उन्नचालीस |
| ०७८/०७९ | १४८१६०१७।०० | एक करोड अड्चालिस लाख सोह्र हजार सत्र |
| ०७९/०८० | १७८६८४०१।०० | एक करोड अठहत्तर लाख अड्सठ्ठी हजार चार साय एक |
| जम्मा | ६९९११७३१।०० | छ करोड उनान्नसय लाख एघार हजार सात सय एकतीस |

**निर्णय नं. ४-** आ.ब. ०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत बजेट खर्च शीर्षक नं ३११५६ खानेपानी संरचना निर्माण अन्तर्गत खानेपानी पाइप विस्तार (चन्द्रगढी गरामनि र बिर्तामोड खानेपानी सँगको सहकार्यमा) मा बिनियोजित बजेट रु. २५ लाखलाई देहायका शीर्षकमा देहाय अनुसार बाडँफाड गरी बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

CamScanner

**देहाय**

१. बिर्तामोड साना शहरी तथा खानेपानी सरसफाई उपभोक्ता समितिलाई रु ११ लाख,

२. गरामनि खानेपानी ३ लाख,

३. चन्द्रगढी खानेपानी उपभोक्ता समिति ७ लाख

**निर्णय नं. ५-** आ.ब. ०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत नगरस्तरीय योजनाको सि.नं १०० बिर्तामोड नगर खेलकुद महोत्सव सञ्चालन शीर्षकमा बिनियोजित बजेट रु. १० लाखलाई देहायका शीर्षकमा देहाय अनुसार बाडँफाड गरी बजेट बिनियोजन गर्ने निर्णय गरियो।

**देहाय**

१. नेशनल बास्केटबल टुर्नामेन्ट (बिर्तामोड कप) रु ५ लाख,

२. वडा खेलकुद समितिसँगको साझेदारी कार्यक्रम रु ३ लाख

३. तेस्रो बुट्टाबारी च्यालेन्ज कप फुटबल प्रतियोगिता रु २ लाख

**निर्णय नं. ६-** बिर्तामोड नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग (डोली) सँगको ५० प्रतिशत लगानी साझेदारी रहने गरी रु ४ करोड ८८ लाख ४७ हजार १३१ रुपैया १५ पैसामा निर्माण व्यवसायीसँग सम्झौता भई निर्माण कार्य भई रहेकोमा थप गर्नुपर्ने आइटमहरुको भेरिएसन पश्चात् रु. ५ करोड ८ लाख ३९ हजार ६५३ रुपैया २० पैसा बराबरको लागत इस्टिमेट कायम भएको र भेरिएसन पश्चात् बृद्धि भएको लागत इस्टिमेट बमोजिमको रकममा स्थानीय पूर्वाधार विभाग (डोली) को साझेदारी नरहने भएकाले प्रशासनिक भवन निर्माण सम्पन्न गर्नका लागि भेरिएसन पछि थप भएको रकम रु १९ लाख ९२ हजार ५२१ रुपैया ८७ पैसा अघिल्लो आ.ब. को मौज्दात रकमबाट भुक्तान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७-** बिर्तामोड नगरक्षेत्रभित्र रहेका संचार माध्यमहरुलाई लोक कल्याणकारी विज्ञापन वापत वार्षिक एकमुष्ट सुविधा दिने भनि दोस्रो नगरसभाको पाँचौ अधिवेशनबाट निर्णय भएको मध्ये प्रति अनलाईन मिडिया लाई दिने वार्षिक एकमुष्ट सुविधा रु ५० हजार कायम गर्ने निर्णय गरियो।

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

**निर्णय नं. ८ -** नगरपालिका क्षेत्रभित्र विगतमा पेवर्स जडान गरी निर्माण गरिएका १०० मिटर भन्दा कमका अनुसूचि ३-(घ) मा उल्लेखित अधुरा सडकहरुमा विनियोजित रकमलाई आगामी वर्षको सम्बन्धित वडाको बजेट सिलिङबाट पचास प्रतिशतले हुन आउन रकम कट्टा गर्ने गरी बजेट सिलिङ्ग कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ –** चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम-विपन्न आवास निर्माणमा विनियोजित बजेटबाट प्रति घर रु २५००००/-का दरले निर्माण गर्ने गरी देहायानुसार विभिन्न वडामा घर निर्माण गर्ने निर्णय गरियो।

| वडा नं | घर संख्या | बजेट रकम(रु) |
|---|---|---|
| १ | ३ | ७,५०,०००/- |
| २ | ५ | १२,५०,०००/- |
| ३ | ४ | १०,००,०००/- |
| ४ | ३ | ७,५०,०००/- |
| ६ | ५ | १२,५०,०००/- |
| ७ | ५ | १२,५०,०००/- |
| ८ | ५ | १२,५०,०००/- |
| ९ | ५ | १२,५०,०००/- |
| १० | ५ | १२,५०,०००/- |

**निर्णय नं. १०-** बिर्तामोड नगरपालिकाको दोस्रो नगरसभाको छैठौ अधिवेशनको बैठकमा प्रमुख अतिथि सम्माननीय सभामुख श्री देवराज घिमिरे ज्युबाट विशेष सम्बोधन गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

पवित्रा देवी महतारा प्रसाइं
नगर प्रमुख

CamScanner